त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा

मिति २०८१।१०।२०

**स्नातकोत्तर तह चौथो सत्रान्त (M.Ed. and MSSEd 4th Semester) को परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना**

यही २०८१ साल चैत्र महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) चौथो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक/मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरूले आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी यही **२०८१ साल फागुन २० गतेसम्म** परीक्षा आवेदन फारम भौतिक तथा अनलाइन (Online) मार्फत भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको समयमा परीक्षा फारम भर्न छूट हुने विद्यार्थीहरुले दोब्बर शुल्कमा **मिति २०८१ फागुन २१ गतेदेखि २५ गतेसम्म** परीक्षा फारम भर्न सक्नेछन् । सबै सम्बन्धित क्याम्पसहरुले आवेदन फारमवापत संकलित शुल्क एकल शुल्कको हकमा **२०८१ साल फागुन २१** गतेसम्म तथा दोब्बर शुल्कको हकमा **२०८१ साल फागुन २६** गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फारम **२०८१ साल फागुन २६ गतेसम्ममा** रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेभसाइट: tufoe.edu.np मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक/मौका परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ । साथै विद्यार्थीहरुले अभ्यास शिक्षण वापत रु.३००।- छुट्टै सम्बन्धित क्याम्पसमा बुझाउनुपर्नेछ र सम्बन्धित क्याम्पसले यसरी संकलित रकमबाट रु. १५०।- (एकसय पचास रुपैयाँ) प्रति विद्यार्थीका दरले हुने रकम डीन कार्यालयको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचरको स्क्यानकपि ईमेलमार्फत पठाउनुपर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजले सम्बन्धित विद्यार्थीहरुलाई भौतिक परीक्षा फारम समेत भराउनु पर्नेछ । साथै परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन/भौतिक परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी भौतिक परीक्षा फाराम र बैंक भौचर यही २०८१ साल फागुन ३० गतेभित्र डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन/भौतिक परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड्/टाँस गर्नुपर्नेछ । यदि विद्यार्थीले अप्लोड/टाँस गरेको फोटो अस्पष्ट भएमा आवेदन फाराम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन